**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री कुमार रेग्मी**

**माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल**

**आदेश**

**०८०-WO-११७५**

विषयः उत्प्रेषणयुक्त परमादेश समेत।

गण्डकी प्रदेश, गोरखा जिल्ला, खोप्लाङ गा.वि.स., वडा नं. ६ को परिवर्तित पालुङटार न.पा., वडा नं.१ घर भई हाल गण्डकी प्रदेश सभा सदस्य एवं सो सभाका नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्र राज पाण्डे ------------------ १ — निवेदक

विरुद्ध

माननीय प्रदेश प्रमुख, डिल्लीराज भट्ट, प्रदेश प्रमुखको कार्यालय पोखरा गण्डकी प्रदेश-----------------------------------------------------------------------१

माननीय सभामुख, कृष्ण प्रसाद धिताल, प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश, पोखरा-----------------------------------------------------------------------१

गैहकानूनी रुपमा मुख्यमन्त्री पदमा नियुक्त भई सपथ ग्रहण गरी विश्वासको मत प्राप्त गरेको भनि घोषणा गरिएका माननीय खगराज अधिकारी, गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा---------------------------------१

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा----------१ — प्रत्यर्थी

नेपालको संविधानको धारा १६, १७, १८, र १६८(३) ले प्रत्याभूत गरेको मौलिक हक प्रचलनको लागि धारा ४६, १३३(२)(३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

**तथ्य खण्ड**

१. नेपालको संविधानको धारा १६८(२) बमोजिम नियुक्त विपक्षी मुख्यमन्त्रीले मिति २०८१।०१।२३ मा धारा १६८(४) बमोजिम विश्वासको मत लिनको लागि बोलाईको गण्डकी प्रदेश सभाको बैठकमा मतदान हुँदा प्रस्तावको पक्षमा ३० मत परेकोले नेपालको संविधानको धारा १८६ तथा सम्मानित सर्वोच्च अदालतको मिति २०८१।०१।१७ को आदेशको भावना अनुसार भन्दै ६० सदस्य रहेको प्रदेश

सभामा सरकारको समर्थनमा परेको मत संख्या ३० नै बहुमत रहेको हुँदा विश्वासको मत पारित भएको भन्दै विपक्षी सभामुखले घोषणा गरी गैरसंवैधानिक र गैरकानूनी रुपमा विश्वासको मतको प्रस्ताव पारित भएको भनी गरीएको घोषणा र निर्णयबाट मेरो संवैधानिक र कानूनी हक अपहरित र कुण्ठित भएबाट अन्य उपचारको अभावमा सम्मानित अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गरी संवैधानिक र कानूनी प्रकृयाको रक्षा गरिपाउन प्रस्तुत रिट निवेदन दायर गर्न आएको छु ।

विपक्षी खगराज अधिकारीले मूख्यमन्त्रीमा विश्वासको मत प्राप्त गर्न बहुमत पुग्दै नपुगेकोमा बहुमतसंख्या पुगेको देखाइ विश्वासको मत पारित भएको भन्दै गरिएको घोषणा नेपालको संविधानको धारा १८८(३) प्रतिकूल भएको कार्य प्रथम दृष्टिमा (Prima Facie Case) गैह्रकानुनी र त्रुटिपूर्ण भएको हुँदा उक्त घोषणा लगायंत सम्पूर्ण निर्णय कामकारबाहीहरु माथी उल्लेखित संवैधानिक प्रवधानको विपरीत भएको हुँदा मिति २०८१।०१।२३ मा विश्वासको मत लिने सम्बन्धमा सभामुखबाट भएको घोषणा निर्णय उत्प्रेषणको आदेशले बदर गरी नेपालको संविधानको धारा १६८(२) बमोजिम नियुक्त विपक्षी मुख्यमन्त्रीले विश्वासको मत पाउन असफल भएको अवस्थामा संविधानको धारा १६८ (३) स्वतः क्रियाशिल हुने भएकोले मूख्यमन्त्रीको पदमा निवेदकलाई नियुक्ति दिनु दिलाउनु भनी परमादेशको जारी गरिपाउँ भन्ने बेहोराको निवेदक नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्र राज पाण्डेले यस अदालतमा पेस गरेको निवेदन।

२. यसमा के, कसो भएको हो ? निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए आफूसँग भएको सबुत प्रमाण खुलाई गण्डकी प्रदेश सरकारको मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत मिति २०८१।०२।७ भित्र मिति २०८१।०१।२३ मा प्रदेश सभामुखबाट भएको विश्वासको मत सम्बन्धी घोषणा एवं मुख्यमन्त्री नियुक्ति सहितको सक्कल फायलसहित लिखित जबाफ प्रस्तुत गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाउँमा म्याद/सूचना तामेल गर्नू, गराउनूका साथै अन्तरित आदेश गको सम्बन्धमा रिट निवेदनको टुङ्गो नलागेसम्म मुख्यमन्त्री खगराज अधिकारीको नेतृत्वमा गठीत प्रदेश सरकारबाट दीर्घकालिन असर पर्ने गरी कुनै निर्णय नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियामावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी प्रस्तुत निवेदनको सुनुवाई यथाशिघ्र हुन आवश्यक र उपयुक्त देखिँदा मिति २०८१।०२।८ को पेसी तोकी प्रस्तुत निवेदनलाई अग्राधिकारसमेत दिई अग्राधिकारको जानकारीसमेत दुवै पक्षलाई गराई नियमानुसार पेस गर्नू भन्ने यस अदालतको मिति २०८१।०१।२८ गतेको आदेश।

३. गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री खगराज अधिकारीले नेपालको संविधानको धारा १६८ (४) बमोजिम प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न प्रस्ताव राखु भएकोमा प्रदेश सभामा उपस्थित उनानसाठी (५९) सदस्यहरुमध्ये तीस (३०) जना सदस्यले विश्वासको मतको पक्षमा मतदान गर्नुभएको र सत्ताइस (२७) जना सदस्यले विश्वासको मतको विपक्षमा मतदान गर्नुभएको र दुई (२) जना सदस्यले प्रस्तावको पक्ष वा विपक्षमा मतदान नगरेको हुँदा नेपालको संविधान बमोजिम विश्वासको मतको पक्षमा बहुमत पुगेकोले माननीय मुख्यमन्त्री खगराज अधिकारीले मिति २०८१।०१।२३ मा प्रदेश सभामा विश्वासको मतका सम्बन्धमा राखेको प्रस्तावको पक्षमा म बाहेक नै ३० जना सदस्यले विश्वासको मतको पक्षमा मतदान गरेकोले विश्वासको मत बहुमतबाट पारित भएको घोषणा गरेको हुँ। मैले प्रदेश सभाको विश्वासको मतको परिणाम घोषणा गर्दा धारा १८६ र सम्मानित अदालतको फैसला उद्धरण गरी मेरो मताधिकार सिर्जना नभएको हुँदा मतदान गर्ने अवस्था नभएको कुरा रिडिङ्ग पेपरमा उल्लेख गरेको छु। मेरो मताधिकार सिर्जना नभएको कारण अन्य उपस्थित ५९ जना सदस्य मध्ये ३० संख्या नै बहुमत रहेको भनी गरेको घोषणामा कुनै संवैधानिक र कानून त्रुटी नभएकोले रिट निवेदन खारेज भागी छ भन्ने बेहोराको गण्डकी प्रदेश सभाको सभामुख माननीय श्री कृष्णप्रसाद धितालले यस अदालतमा पेश गरेको लिखित जवाफ।

४. सम्मानित यस अदालतको फैसला एवं संवैधानिक प्रावधान अनुसार मैले विश्वासको मत प्राप्त गरिसकेको हुँदा संविधानको प्रावधानहरुको कार्यान्वयनमा अवरोध गर्ने गराउने, प्रदेश सरकारलाई अस्थिर बनाउने, निवेदकले दायर गरेको पहिलो रिट निवेदन खारेज भई अन्तिम भएपछि सोही विषयमा पुनः दोस्रो पटक आफैलाई मुख्यमन्त्रीमा नियुक्त गर्न माग गर्न नमिल्ने भएकोले निवेदकलाई निवेदन दायर गर्न पाउने हकदैया छैन।

गण्डकी प्रदेशसभा ६० सदस्यीय भएकोमा विवाद छैन। मिति २०८१।०१।२३ गते राखेको विश्वासको मतको प्रस्ताव उपर गण्डकी प्रदेश सभा बैठकको रिडिङ्ग पेपरको क्र.सं. १२ मा मतदानमा उपस्थित संख्या ५९ रहेको, विश्वासको मतका लागि पेश भएको प्रस्तावको पक्षमा ३० मत परेको कारण सभामुखले मतदान गर्ने अवस्था नभई मैले राखेको विश्वासको मतको प्रस्ताव बहुमतले पास भएको घोषणामा उल्लेख भएबाट संविधान र सम्मानित अदालतबाट भएको अन्तिम फैसला अनुसार भए गरेको काम कारबाही बदर हुनु पर्ने होइन। विश्वासको मतको प्रस्तावको पक्षमा मैले पाएको ३० संख्या बहुमत हो र सरकारद्वारा पेश गरिने नीति तथा कार्यक्रम, बजेट वा विधेयक लगायत सरकारका जुनसुकै काम कारबाही पारित हुन कहि कतै अवरोध हुने अवस्था नहुनुका साथै संवैधानिक प्रावधान समेतको आधारमा मेरो मुख्यमन्त्रीको पदमा नियुक्ति पछि संविधानको धारा १६८(४) को

संवैधानिक शर्त र प्रक्रिया बमोजिम मैले विश्वासको मत प्राप्त गरेको र सभामुखबाट सोको घोषणा भएको कार्यबाट विपक्षीको कुनै संवैधानिक र कानूनी हकको हनन् नभएकोले रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले यस अदालतमा पेश गरेको लिखित जवाफ।

५. माननीय मुख्यमन्त्री श्री खगराज अधिकारीले प्रदेश सभामा पेश गर्नुभएको विश्वासको मतको प्रस्ताव उपर मत विभाजन भई प्राप्त मतका आधारमा माननीय सभामुखबाट माननीय मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गरेको घोषणा गर्नुभएको कार्य नेपालको संविधान बमोजिम प्रदेश सभाको विषय भएकी हुँदा सो सम्बन्धमा यस कार्यालयको संलग्नता नरहेको अवस्थामा यस कार्यालय समेतलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज भागी भएकोले खारेज गरीपाऊँ भन्ने बेहोराको गण्डकी प्रदेशका मुख्यसचिवले यस अदालतमा पेश गरेको लिखित जवाफ।

६. मुख्यमन्त्रीले विश्वासको मत लिनेदिने कार्य प्रदेश सभामा परीक्षण हुने विषय हो। सो प्रक्रियामा राजनैतिक तथा संवैधानिक हस्तक्षेपको औचित्यता हुँदैन। विश्वासको मत लिनेदिने कार्य मेरो अधिकारक्षेत्र भित्रको कुरा पनि होइन। निवेदकले निवेदनमा मेरो कुन कार्यले निवेदकको कुन हक र अधिकारमा हनन् हुन पुगेको हो, सो कुरा निवेदनमा उल्लेख गर्न नसक्नु भएकोले विना कुनै आधार कारण मलाई विपक्षी बनाउनु पर्ने होइन भन्ने बेहोराको गण्डकी प्रदेशका प्रदेश प्रमुखले यस अदालतमा पेश गरेको लिखित जवाफ।

## यस अदालतको आदेश

७. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निबेदनको मिसिल संलग्न कागजात अध्ययन गरी निबेदकका तर्फबाट उपस्थित बिद्वान् वरिष्ठ अधिवक्ताहरु श्री महादेव प्रसाद यादव, श्री राधेश्याम अधिकारी, श्री हरिहर दाहाल, श्री बद्री बहादुर कार्की, श्री प्रेम बहादुर खड्का, श्री पूर्णमान शाक्य, श्री शेर बहादुर के.सी., श्री दिनेश त्रिपाठी, श्री विजय प्रसाद मिश्र, श्री यदुनाथ खनाल, श्री सिताराम के.सी, श्री गोपालकृष्ण घिमिरे, विद्वान् अधिवक्ताहरु श्री खम्ब बहादुर खाती, श्री डा. भिमार्जुन आचार्य, श्री किर्तिनाथ शर्मा पौडेल, डा.श्री शिवकुमार यादव, श्री ज्ञानेन्द्रराज आरण, श्री ईश्वरीप्रसाद सापकोटा, श्री तुलसीराम पोखरेल, श्री त्रिलोक बहादुर चन्द, श्री बलराम सुवेदी, श्री दिना श्रेष्ठ, श्री अनुप कडरिया, श्री रामकृष्ण लामिछाने, श्री विकास भट्टराई,श्री चिरन्जीवी शर्मा, श्री ललित बहादुर बस्नेत, श्री देव बहादुर महत, श्री जनक सिंह साउद, श्री सम्झना के.सी र श्री सन्तोष भण्डारी, तथा विपक्षी गण्डकी प्रदेशसमेतका तर्फबाट उपस्थित विद्वान् माननीय महान्यायाधिवक्ता

डा.श्री दिनमणी पोखरेल, नायव महान्यायाधिवक्ता श्री टेक बहादुर घिमिरे, मुख्य न्यायाधिवक्ता श्री कृष्ण प्रसाद अधिकारी, सहन्यायाधिवक्ता श्री गोविन्द खनाल र उपन्यायाधिवक्ता श्री लालप्रसाद लामिछाने एवं विपक्षी गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री रमन कुमार श्रेष्ठ, श्री रविनारायण खनाल, श्री टिकाराम भट्टराई, श्री श्रीकान्त बराल, श्री ईश्वरी प्रसाद भट्टराई, श्री सुरेन्द्र थापा, श्री रमेश बडाल तथा विद्वान् अधिवक्ताहरु श्री भोजराज आचार्य, श्री राजेन्द्र घिमिरे, श्री गुरुभक्त निरौला, श्री शान्तिदेवी खनाल, डा.श्री मुकुन्द अधिकारी, श्री कृष्णकुमार आङदम्वे, श्री सुभाषकुमार श्रेष्ठ र श्री चित्र बहादुर फूताल विष्ट साथै विपक्षी गण्डकी प्रदेशका सभामुख श्री कृष्णप्रसाद धितालका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री राम नारायण विडारीले गर्नु भएको बहस समेत सुनियो।

८. प्रस्तुत रिट निवेदनमा निम्नलिखत मूलभुत प्रश्नहरु विचारणिय रहेको पाइयो।

(क) नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्रीले धारा १६८को उपधारा (४) बमोजिम विश्वासको मत धारा १८६ बमोजिम प्राप्त गर्नुपर्ने हो वा धारा १८८ को उपधारा (३) बमोजिम प्राप्त गर्नुपर्ने हो?

(ख) गण्डकी प्रदेश सभाका सभामुखले मिति २०८१।०१।२३ मा मुख्यमन्त्रीले राखेको विश्वासको मत परिणाम घोषणा गर्दा प्रदेश सभाको सम्पूर्ण सदस्य संख्या ६० मा उपस्थित संख्या ५९ मानी हुन्छ भन्नेमा ३० संख्या पुगेको हुँदा मुख्यमन्त्रीले धारा १८६ बमोजिम बहुमत प्राप्त गरेको भनी गरिएको घोषणा संविधान सम्मत छ वा छैन?

(ग) रिट निवेदकको माग बमोजिम आदेश गर्न हुने हो वा होइन?

९. पहिलो प्रश्नतर्फ विचार गर्दा, नेपालको संविधानको धारा १६८ मा प्रदेश मन्त्रिपरिषद्को गठन सम्बन्धमा व्यवस्था गरिएको छ। धारा १६८ बमोजिम प्रदेश सभा भित्र दलहरुको सदस्य संख्याका आधारमा ४ प्रकारका मन्त्रिपरिषद्को गठन हुन सक्ने अवस्थालाई स्वीकार गरेको छ। धारा १६८ को उपधारा (१) बमोजिम एउटा दलले बहुमत ल्याउन सफल भएको स्थितमा बहुमत प्राप्त संसदीय दलको नेताको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुन्छ। धारा १६८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद् गठन हुन नसकेमा धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुन्छ। धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्रीले धारा १६८ को उपधारा (४) बमोजिम ३० दिन भित्र प्रदेश

सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेमा धारा १६८ को उपधारा (३) बमोजिम प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेतालाई मुख्यमन्त्रीमा नियुक्त भई उसको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुन्छ। धारा १६८ को उपधारा (३) बमोजिम नियुक्त मुख्यमन्त्रीले धारा १६८ को उपधारा (४) बमोजिम ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिन नसकेमा धारा १६८ को उपधारा (५) बमोजिम प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्रीमा नियुक्त गर्नु पर्दछ। यो बमोजिम नियुक्त मुख्यमन्त्रीले समेत धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्ने अनिवार्य व्यवस्था गरिएको छ।

१०. प्रस्तुत रिट निवेदन नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री खगराज अधिकारीले गण्डकी प्रदेश सभाबाट २०८१।०१।२३ मा धारा १८६ बमोजिम बहुमतको आधारमा विश्वासको मत प्राप्त गर्नु भएको भनी प्रदेश सभाका सभामुखले गर्नु भएको घोषणा संविधान सम्मत नरहेको र मुख्यमन्त्रीले विश्वासको मत लिंदा, धारा १८८ को उपधारा (३) बमोजिम लिनुपर्नेमा सो विपरीत धारा १८६ बमोजिम विश्वासको मत लिएको हुँदा सो बदर गरी विश्वासको मत प्राप्त गर्न नसकेका मुख्यमन्त्री स्वतः पदमुक्त भएकाले धारा १६८ को उपधारा (३) बमोजिम आफू प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेता भएकाले मुख्यमन्त्रीमा नियुक्तिका लागि परमादेश जारी गरी पाउन रिट निवेदनमा मागसमेत भएको छ। नेपालको संविधानको धारा १६८ मा प्रदेश मन्त्रिपरिषद्को गठन सम्बन्धी व्यवस्था गरिएको भएपनि सोही धारामा यसरी गठन हुने मन्त्रिपरिषद्ले लिनुपर्ने विश्वासको मतका सम्बन्धमा व्यवस्था गरेको छैन। संसदीय प्रणालीमा गठन हुने मन्त्रिपरिषद्ले प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरु रहेको सभा प्रतिनिधि सभा वा प्रदेश सभा (House of Commons) बाट विश्वासको मत लिनुपर्ने स्थापित मूल्य र मान्यता बमोजिम नेपालको संविधानको भाग १४ को प्रदेश व्यवस्थापिका सम्बन्धी प्रावधान अन्तर्गत प्रदेश सभा गठन तथा सो भित्र गरिने कार्यहरुमा बैठक बस्नका लागि चाहिने गणपूरक संख्या तथा सामान्य अवस्थामा गरिने मतदान र विशेष अवस्थाको मतदान सम्बन्धमा संवैधानिक व्यवस्था गरिएको छ।

११. मिसिल संलग्न गण्डकी प्रदेश सभाबाट जारी भएको मिति २०८१।०१।२३ को रिडिङ्ग पेपर तथा गण्डकी प्रदेश सभाका सभामुख र गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी तर्फबाट पेश हुन आएका लिखित जवाफमा मिति २०८१।०१।२३ मा भएको विश्वासको मतको मतदान धारा १८६ बमोजिम भएको स्पष्ट उल्लेख भएको छ! धारा १८६ मा निम्न व्यवस्था रहेको छ, "प्रदेश सभामा

निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुने छ। अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन। तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णयक मत दिनेछ।" सामान्य रुपमा हेर्दा प्रदेश सभा भित्र पेश हुने जुनसुकै प्रस्ताव उपर मतदान हुँदा यो धारामा रहेको व्यवस्था बमोजिम हुनेमा अन्यथा मान्नु पर्ने देखिँदैन। यो धारा अन्तर्गत हुने मतदानका लागि बैठक बस्न चाहिने प्रदेश सभाका सदस्यहरुको न्यूनतम उपस्थिति (गणपूरक संख्या) कति हुनुपर्ने भन्ने सम्बन्धमा धारा १८५ मा व्यवस्था गरिएको छ। जसअनुसार "यस संविधानमा अन्यथा लेखिएको बाहेक प्रदेश सभाको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गरिने छैन" भनिएको छ।

१२. नेपालको संविधानको धारा १८५ ले दुईवटा अवस्थातर्फ इंगित गरेको छ। प्रदेश सभामा मतदानको लागि यो संविधानमा अन्यथा कुनै व्यवस्था रहेको अवस्थामा सोही बमोजिम हुने र अन्यथा व्यवस्था नभएको अवस्थामा प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको न्यूनतम एक चौथाई सदस्यहरुको उपस्थिति बिना कुनै प्रश्न वा प्रस्ताव प्रदेश सभामा निर्णयको लागि पेश हुन सक्ने छैन। यो व्यवस्थालाई संख्याबाट हेर्दा ६० सदस्य रहेको गण्डकी प्रदेश सभामा न्यूनतम २५ प्रतिशत अर्थात १५ सदस्यको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानी, प्रदेश सभाको बैठकमा कुनै प्रश्न वा प्रस्ताव पेश हुन सक्ने मानिने र त्यसको बहुमत न्यूनतम ८ प्रदेश सभाका सदस्यले त्यो प्रश्न वा प्रस्तावको पक्षमा मतदान गरेमा त्यो प्रश्न वा प्रस्ताव गण्डकी प्रदेश सभाको बहुमतबाट पास भएको मानिने देखियो। धारा १८६ ले सो अन्तर्गत प्रदेश सभामा पेश हुने प्रस्तावमा उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट प्रस्ताव पास हुन सक्ने व्यवस्था गरेको देखियो भने धारा १८५ ले त्यसरी पेश हुने प्रस्ताव निर्णयार्थ पेश हुँदा प्रदेश सभामा न्युनतम कति सदस्य संख्या अनिवार्य उपस्थित हुनै पर्ने भन्ने व्यवस्थासम्म गरेको देखियो। **मुख्यमन्त्री नियुक्ति सम्बन्धी धारा १६८ को उपधारा (२), उपधारा (३) र उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत लिंदा धारा १८६ बमोजिम मतदान हुने हो भने माथि गरिएको विवेचना बमोजिम ६० सदस्य रहेको गण्डकी प्रदेश सभामा ८ सदस्यको बहुमतबाट समेत विश्वासको मत पास हुन सक्ने अवस्था सृजना हुन सक्ने देखियो।** धारा १८६ को जुनसकै प्रस्ताव भित्र विश्वासको मतको प्रस्तावलाई समेत मान्ने हो भने धारा १८५ बमोजिम गणपूरक संख्या पुगेको प्रदेश सभाका बहुमतले पास गरेको प्रस्ताव संविधान सम्मत मान्नुपर्ने हुन्छ। प्रदेश सभा भित्र पेश हुने जुनसुकै प्रस्ताव भित्र मुख्यमन्त्री नियुक्तिको विश्वासको मतलाई समेत राखिएमा यस्तो Absurd वा अविश्वशनीय वा

अस्वीकार्य अवस्थाको सृजना हुन्छ भन्ने जानेर विश्वव्यापी रुपमा स्वीकार्य संसदीय अभ्यास भित्रको मूल्य र मान्यतामा आधारित भई संविधानको धारा १८८ मा विश्वास र अविश्वासको मतको हकमा छुट्टै मतदानको संख्या सम्बन्धी व्यवस्था गरिएको छ। जसलाई अन्यथा व्यवस्था गरिएको हकमा सोही बमोजिम हुने भनी धारा १८५ ले समेत स्वीकारेको छ।

१३. नेपालको संविधानको धारा १८८ मा विश्वासको मत र अविश्वासको प्रस्तावका सम्बन्धमा आवश्यक व्यवस्था गरिएको छ। धारा १८८ को उपधारा (३) मा विश्वासको मतको प्रस्ताव प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित हुन नसकेमा मुख्यमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ भन्ने व्यवस्था रहेको छ भने धारा १८८ को उपधारा (६) मा अविश्वासको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएमा मुख्यमन्त्री पदमुक्त हुनेछ भनिएको छ। यो संवैधानिक व्यवस्थाले संसदीय व्यवस्थामा प्रधानमन्त्री वा मुख्यमन्त्री नियुक्ति वा पदमुक्त गर्नका लागि जनप्रतिनिधिमूलक सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतको मंजुरी अनिवार्य भन्ने स्थापित सैद्धान्तिक/संवैधानिक मान्यतालाई संस्थागत गरेको छ। धारा १६८ को उपधारा (२) वा उपधारा (३) वा उपधारा (५) बमोजिम गठन भएको मन्त्रिपरिषद् वा त्यस्तो मन्त्रिपरिषद्को नेतृत्व गर्ने मुख्यमन्त्रीले धारा १८८ को उपधारा (३) बमोजिम विश्वासको मत लिनु पर्ने बाध्यात्मक व्यवस्था संविधानमा उल्लेख भएको छैन भन्ने अर्थ लगाउने हो भने प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतको समर्थन नभएर धारा १८५ बमोजमिको गणपूरक संख्या पुगी संचालन भएको प्रदेश सभामा धारा १८६ बमोजिम उपस्थित सदस्य संख्याको बहुमत प्राप्त व्यक्ति मुख्यमन्त्री भई उसको नेतृत्वको मन्त्रिपरिषद्ले शासन संचालन गर्ने अवस्थाको सृजना भएर त्यसलाई समेत संविधान सम्मतको सरकार मान्नु पर्ने हुन्छ। त्यसैले यो अवस्थालाई संविधान निर्माताहरुले पूर्वानुमान गरी व्यवस्थापिकाबाट गठन हुने कार्यपालिकाको नेतृत्व गर्ने व्यक्तिसँग प्रदेश सभामा कम्तिमा बहुमत भन्नाले प्रदेश सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढीको बहुमत रहनै पर्ने धारा १८८ को उपधारा (३) को मतदानको व्यवस्था नै धारा १६८ को उपधारा (२) को मुख्यमन्त्री वा मन्त्रिपरिषद्का लागि समेत बाध्यात्मक व्यवस्था हो भन्ने अर्थ नै संविधान सम्मत र स्वभाविक हुने देखियो।

१४. प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान माननीय महान्यायाधिवक्ता तथा अन्य केही विद्वानहरुको तर्कमा धारा १८८ को उपधारा (३) बमोजिमको मतदानको अवस्था धारा १८८ को उपधारा (१) र उपधारा (२) बमोजिम पेश भएको विश्वासको मतको

हकमा मात्र आकर्षित हुने स्पष्ट व्यवस्था धारा १८८ को उपधारा (३) मा नै रहेको हुँदा धारा १६८ को उपधारा (४) बमोजिम पेश भएको विश्वासको मतको हकमा धारा १८८ को उपधारा (३) आकर्षित नै नहुने भएकाले धारा १८६ आकर्षित हुने भन्ने तर्कलाई मान्ने हो भने प्रदेश मुख्यमन्त्रीले लिने विश्वासको मतको हकमा छुट्टाछुट्टै बहुमत संख्याको मान्यतालाई संविधानले स्वीकारेको अर्थ निस्कन जान्छ। एकातिर धारा १६८ को उपधारा (२) बमोजिमको मुख्यमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत लिने प्रस्ताव धारा १८५ बमोजिम गणपूरक संख्या पुगेको प्रदेश सभामा उपस्थित सदस्य संख्याबाट धारा १८६ बमोजिम बहुमतले प्रस्ताव पारित भएमा त्यस्तो मुख्यमन्त्रीले प्रदेश सभाको बहुमत प्राप्त गरेको मान्नु पर्ने हुन्छ भने अर्कोतिर धारा १८८ को उपधारा (२) र उपधारा (३) बमोजिम विश्वासको मत लिने मुख्यमन्त्रीले राखेको प्रस्ताव धारा १८८ को उपधारा (३) बमोजिम प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट मात्र पारित हुने देखिन्छ। यसरी उहि मुख्यमन्त्रीले धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मत लिँदा एक चौथाइ गणपुरक सदस्यहरुको बहुमतबाट प्राप्त गर्न सक्ने र धारा १८८ को उपधारा (१) र (२) बमोजिम विश्वासको मत लिँदा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत ५० प्रतिशत भन्दा बढीको बहुमत चाहिने भन्ने अर्थ लाग्न जान्छ। यस्तो दोहोरो, अविश्वासनीय र सामान्य समझ विपरीतको (Absurd interpretation) ले संविधानको अक्षर, मर्म र भावनाको संरक्षण हुन सक्दैन।

१५. दोस्रो प्रश्नतर्फ विचार गर्दा, गण्डकी प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्या कति हो ? भन्नेमा प्रष्ट हुन जरुरी देखियो। मिसिल संलग्न गण्डकी प्रदेश सभा सचिवालयबाट प्राप्त "माननीय मुख्यमन्त्री श्री खगराज अधिकारीले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नु भएको विश्वासको मत सम्बन्धी प्रस्ताव पेस, छलफल एवं निर्णयार्थ प्रस्तुती सम्बन्धी गण्डकी प्रदेश सभा बैठकका सक्कल कागजातहरु" हेर्दा गण्डकी प्रदेश सभाको तत्काल कायम रहेको कुल सदस्य संख्या ६० रहेको भन्ने देखिन्छ। विश्वासको मतको पक्षमा "हुन्छ" भन्ने र विश्वासको मतको विपक्षमा "हुन्न" भन्ने माननीय सदस्यहरुको नामावलीमा ६० जना सदस्यहरुको नाम देखिएको र गण्डकी प्रदेश सभा, छैटौं अधिवेशन, तेस्रो बैठकको मिति २०८१।०१।२३ को रिडिङ्ग पेपरको प्रकरण १४ मा गण्डकी प्रदेश सभाका सभामुखले मत परिणाम घोषणा गर्दा, "गण्डकी प्रदेश सभा "म" समेत ६० सदस्यीय रहेको हुँदा प्रदेश सभाबाट हुने निर्णयमा नेपालको संविधान बमोजिम आवश्यक अवस्थामा मतदान गर्ने अधिकार मसँग सुरक्षित रहेको जानकारी गराउँदछु" भन्ने

उद्घोषबाट समेत गण्डकी प्रदेश सभाको सदस्य संख्या ६० सदस्यीय रहेको भन्नेमा विवाद रहेन।

१६. गण्डकी प्रदेश सभा ६० सदस्यीय रहेको घोषणा स्वयं माननीय सभामुखले गरी आवश्यक अवस्थामा मतदान गर्ने अधिकार मसँग सुरक्षित रहेको छ भनिनुको पछाडि आफू प्रदेश सभाको तत्काल कायम रहेको संपूर्ण सदस्य संख्या ६० भित्र रहेको र मत बराबरको अवस्थामा संविधानमा भएको व्यवस्था बमोजिम आफुले समेत मतदान गर्ने उद्घोष सभामुखबाट भएको देखिन्छ। सभामुख प्रदेश सभाको सदस्य नरहेको अवस्थामा पदमुक्त हुने व्यवस्था नेपालको संविधानको धारा १८२ को उपधारा (६) को देहाय (क) मा समेत उल्लेख भएको, र सभामुखलाई समेत मत बराबरको अवस्थामा मतदान गर्न सक्ने मताधिकारको व्यवस्था संविधानको धारा १८६ को प्रतिबन्धात्मक वांक्याशले गरेको परिप्रेक्ष्यमा मिति २०८१।०१।२३ को रिडिङ्ग पेपरको प्रकरण १२ मा उल्लेखित आजको मतदानमा उपस्थित माननीय सदस्यहरुको संख्या ५९ रहेको छ भनी उल्लेख गरिएको व्यहोरा नै संविधान सम्मत रहेको देखिँदैन। रिडिङ्ग पेपरको प्रकरणको १२ मा आजको मतदानमा उपस्थित माननीय सदस्यहरुको संख्या ५९ रहेको उल्लेख गर्ने सभामुखले प्रकरण १४ मा प्रदेश सभाको सम्पूर्ण सदस्य संख्या ६० उल्लेख गरिएबाट सभामुख प्रदेश सभाको सम्पूर्ण सदस्य संख्या कति भन्ने सामान्य विषयमा समेत अल्मलिनु भई द्विविधामा रहेको देखिन्छ। ६० सदस्य रहेको प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको सामान्य बहुमत ३० भन्दा बढी अर्थात न्यूनतम ३१ सदस्य संख्या हो भन्नेमा दुईमत हुन सक्दैन। रिडिङ्ग पेपरको प्रकरण १४ मा माननीय मुख्यमन्त्रीले पेश गर्नु भएको विश्वासको मतको पक्षमा ३० मत परेकोले उक्त संख्या नेपालको संविधानको धारा १८६ ले व्यवस्था गरे बमोजिम बहुमतले पारित भएको घोषणा गरिएको सम्बन्धमा विश्वासको मत धारा १८६ बमोजिम उपस्थित सदस्य संख्याको आधारमा घोषणा हुने नभई धारा १८८ को उपधारा (३) बमोजिम हुनुपर्ने संवैधानिक व्यवस्थाबारे माथिल्लो प्रकरणमा चर्चा गरिसकिएको हुँदा सभामुखको मिति २०८१।०१।२३ को विश्वासको मत बहुमतले पारित भएको घोषणा संविधान सम्मत रहेको देखिएन।

१७. मिति २०८१।०१।२३ को रिडिङ्ग पेपरको प्रकरण १४ मा मुख्यमन्त्रीले राखु भएको विश्वासको मत धारा १८६ को व्यवस्थाको अतिरिक्त सर्वोच्च अदालतबाट रिट नं. ०८०-WO-१०६० को मिति २०८१।०१।१७ को आदेशको अन्तरनिहित मर्म र भावना अनुरुप देखिएको भन्ने समेत उल्लेख भएको सन्दर्भमा हेर्दा प्रस्तुत रिट निवेदकले नै पेश गर्नु भएको उक्त निवेदनमा गण्डकी प्रदेश सभाको कूल सदस्य संख्या ६० रहेको र मुख्यमन्त्री पदमा नियुक्त भई सरकार सञ्चालन गर्न आवश्यक

संख्या ३१ हुनेमा कुनै विवाद छैन, माननीय मुख्यमन्त्री खगराज अधिकारीले पेश गर्नुभएको मिति २०८०।१२।२५ को दावी पत्रमा सभामुखलाई समेत दलिय प्रतिनिधिमा गणना गरी ने.क.पा. माओवादी केन्द्रको हुँदै नभएको संख्या समेत जोडी मुख्यमन्त्री पदमा नियुक्त गरी सरकार गठन गरी सपथ ग्रहण गर्ने लगायतको सम्पूर्ण निर्णय काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी धारा १६८ को उपधारा (३) बमोजिम प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेताको हैसियतले रिट निवेदकलाई मुख्यमन्त्री पदमा नियुक्त गर्नू गराउनू भनी परमादेशको आदेशको माग भएको देखिन्छ। सो सम्बन्धमा रिट ०८०-WO-१०६० मा भएको संक्षिप्त आदेशको निचोड प्रकरण २१ मा "नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्रीलाई धारा १६८ को उपधारा (४) बमोजिमको विश्वासको मत प्राप्त हुन सक्ने सम्भावना रही रहेकै अवस्थामा धारा १६८ को उपधारा (३) को विकल्पमा जान मिल्ने देखिएन। तसर्थ, निवेदकको दावी संविधानको धारा १६८ को उपधारा (३) बमोजिम प्रदेश सभाका सबैभन्दा बढी सदस्यहरु भएका संसदीय दलको नेताका हैसियतले निवेदन दावी बमोजिम निवेदकलाई मुख्यमन्त्री नियुक्ति गरी पाउन परमादेश जारी गरिरहन पर्ने देखिएन। धारा १६८ को उपधारा (४) को प्रक्रिया पूरा गर्दा प्रत्यर्थीले विश्वासको मत प्राप्त नगरेमा मात्र धारा १६८ को उपधारा (३) क्रियाशील हुने र सो भएमा मात्र निवेदकको माग पूरा हुन सक्ने अवस्था सिर्जना हुन सक्ने हुँदा धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्रीको बहुमत रहे नरहेको बहुमतको वैधानिक परिक्षण प्रदेश सभाबाटै गर्न संवैधानिक र अन्तिम विकल्प हुँदा सो विकल्पको बाटोको प्रयोग नभई अपरिपक्कताको (Prematurity) अवस्थामा देखिँदा रिट निवेदकको माग बमोजिमको आदेश जारी गरिरहन पर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ" भनिएको छ। यसबाट ०८०-WO-१०६० को रिट निवेदन विश्वासको मत प्राप्त गर्ने प्रकृया बाँकी रहंदा रहंदै मुख्यमन्त्रीमा भएको नियुक्तिको विषयमा परेको रिट निवेदन रहेको देखिएको र धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्रीले उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मतमा निर्णय हुँदा विश्वासको मत प्राप्त गर्न नसकेको खण्डमा धारा १६८ को उपधारा (३) बमोजिम सरकार गठनको अवसर आउने नै हुँदा हाल अपरिपक्कतामा रहेको रिट निवेदन खारेज हुन्छ भनिएको अवस्था र विश्वासको मतको घोषणापछिको अवस्थामा दर्ता भएको प्रस्तुत रिट निवेदनको विषयवस्तु फरक रहेको परिप्रेक्ष्यमा उक्त आदेशमा गरिएका आदेशको निचोड खण्ड बाहेकका कतिपय अनुमानजन्य धारणालाई बन्धनकारी मान्न मिल्ने देखिएन।

१८. नेपालको संविधानको धारा १६९ मा मुख्यमन्त्री तथा मन्त्रीको पद रिक्त हुने अवस्था उल्लेख गरी सोही धाराको उपधारा (१) को खण्ड (ख) मा "धारा १८८ बमोजिम विश्वासको प्रस्ताव पारित हुन नसकेमा वा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा" भन्ने समेतको व्यवस्था रहेको देखिन्छ। यसबाट समेत धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत धारा १८८ को उपधारा (३) बमोजिम लिनुपर्ने संवैधानिक व्यवस्थालाई थप प्रष्ट पारेको र प्रदेशका मुख्यमन्त्रीले विश्वासको मत लिने सम्बन्धमा विश्वासको मत भनी धारा १८८ मा मात्र व्यवस्था गरिएको हुँदा धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त गण्डकी प्रदेशका मुख्यमन्त्रीले धारा १८८ को उपधारा (३) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्नेमा सो बमोजिम विश्वासको मत प्राप्त नगरेको भन्ने मिति २०८१।०१।२३ को प्रदेश सभाको रिडिङ्ग पेपर र गण्डकी प्रदेशका मुख्यमन्त्रीको लिखित जवाफबाट समेत प्रष्ट भएको देखिन्छ। गण्डकी प्रदेश सभाको सभामुखले पेश गर्नु भएको लिखित जवाफको प्रकरण ३ को (घ) मा "विश्वासको मत लिने सम्बन्धमा संविधानको धारा १६८ र १८८ अनुरुप लिने व्यवस्था भएको र अहिले सम्मको मुख्यमन्त्रीले विश्वासको मत लिंदा धारा उल्लेख गर्ने अभ्यास नभएको हुँदा रिडिङ्ग पेपरमा धारा उल्लेख गरिएको छैन" भनी उल्लेख गरिएको व्यहोरामा विश्वासको मत धारा १८८ बमोजिम नै लिनुपर्ने संवैधानिक व्यवस्थालाई स्वीकार गरेको पाइयो। तर सोही व्यहोरामा रिडिङ्ग पेपरमा धारा उल्लेख गरिएको छैन भनिए पनि मिति २०८१।०१।२३ को रिडिङ्ग पेपरको प्रकरण १४ मा धारा १८६ बमोजिम उपस्थित सदस्यहरुको बहुमतबाट हुने गरी निर्णयार्थ पेश गरी सोही धाराको व्यवस्था समेतको आधारमा प्रस्ताव पास भएको घोषणा गरिएको कार्य आफैमा बिरोधाभाषपूर्ण र संविधान विपरितको रहेको देखियो।

१९. अब, अन्तिम प्रश्नतर्फ विचार गर्दा, माथि विवेचित आधार कारणबाट नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीले धारा १६८ को उपधारा (४) बमोजिम मिति २०८१।०१।२३ मा गण्डकी प्रदेश सभामा पेश गर्नु भएको विश्वासको मत धारा १८८ को उपधारा (३) बमोजिम निर्णयार्थ पेश गर्नु पर्नेमा धारा १८६ बमोजिम निर्णयार्थ पेश गरी ६० सदस्यीय गण्डकी प्रदेश सभामा बहुमतका लागि न्यूनतम ३१ सदस्यको आवश्यकता पर्नेमा ३० सदस्यको समर्थनमा प्रस्ताव बहुमतबाट पास भएको भनी प्रदेश सभाका सभामुखबाट भएको घोषणा नेपालको संविधानको धारा १८८ को उपधारा (३) विपरित रहेको हुँदा गण्डकी प्रदेश सभामा मुख्यमन्त्री माननीय खगराज अधिकारीले पेश गर्नु भएको विश्वासको मत बहुमतले पास भएको भनी गण्डकी प्रदेश सभाका सभामुखबाट मिति २०८१।०१।२३ मा गर्नु भएको घोषणा उत्प्रेषणको आदेशले

बदर गरिदिएको छ। तसर्थ, यस्तो परिस्थितिमा अपनाउनु पर्ने मार्गका सम्बन्धमा कोशी प्रदेशको विवादमा यस अदालतको पूर्ण इजलासबाट ०८०-WF-०००१ को रिट निवेदनमा मिति २०८०।०५।११ तथा ०८०-WF-००१२ को रिट निवेदनमा मिति २०८०।०५।२१ मा भएको व्याख्या समेतको रोहबाट हेर्दा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्रीले ऐ.को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त नगरेमा संविधानतः ऐ. उपधारा (३) बमोजिमको सरकार गठन हुने हुँदा सोही बमोजिम गर्नु भनी प्रस्तुत आदेश प्राप्त भएको ४८ घण्टा भित्र नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिमको प्रकृयाबाट मुख्यमन्त्री नियुक्तिको कार्य सम्पन्न गर्नु भनी प्रत्यर्थी गण्डकी प्रदेशका प्रदेश प्रमुख समेतका नाउँमा परमादेशको आदेश जारी गरिदिएको छ।यो आदेशको तत्काल कार्यान्वयन गर्नुपर्ने हुँदा प्रस्तुत संक्षिप्त आदेशको जानकारी प्रत्यर्थीहरु तथा महान्यायाधिवक्ता कार्यालयलाई दिनु। आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने हुँदा यो संक्षिप्त आदेश जारी गरिदिएको छ।

न्यायाधीश

सर्वोच्च अदालत काठमाडौं

न्यायाधीश

इति सम्वत् २०८१ साल जेठ महिना १४ गते रोज ०२ शुभम्................................।